सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा (४१) को व्यवस्था अनुसार

# राष्ट्रिय योजना आयोगको शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन

## आर्थिक वर्ष २०७४/७५

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार, काठमाडौं
२०७५, साउन

# भूमिका

प्रस्तुत प्रतिवेदनले आर्थिक बर्ष २०७४/७५ मा राष्ट्रिय योजना आयोगबाट सेवा प्रवाहका सन्दर्भमा सम्पादित कार्यहरुलाई समेटेको छ ।सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र सूचनाको हकसम्बन्धी ऐन २०६४ अनुसार तयार गरिएको छ । मुलुकको विकासको दीर्घकालिन सोच सहितको योजना तर्जुमा, तीन तहको योजना तर्जुमा र कार्यान्वयन र स्रोतको अनुमान र बाँडफाँट, विकास नीति तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन, अन्तरनिकाय समन्वय, दिगो विकास ।लक्ष्यको आन्तरिकीकरण एवम् कार्यान्वयन र अनुगमन गर्ने कार्यहरु यस आयोगको कार्य जिम्मेवारीमा रहेका छन् ।आयोगका महत्वपूर्ण कार्यदेशलाई सम्पादन गरिएका प्रमुख उपलब्धीहरु यस प्रतिवेदनमा समेटिएका छन् ।प्रतिवेदनले जवाफदेहिता, पारदर्शिता, कानूनी शासन, नागरिक अधिकारको प्रत्याभूति र सामाजिक न्यायको अभिबृद्धिमा सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

राष्ट्रिय योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७४ अनुसार आयोगले दीर्घकालिन सोच सहितको आवधिक योजना, संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने, राष्ट्रिय गौरबका आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्ने, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण एवम् कार्यान्वयन, तथ्याङ्क व्यवस्थापन र मूल्याङ्कन एवम् अनुगमनका कार्यहरु भइरहेको छ । आवधिक योजना, विकास नीति लगायतका विषयमा सहयोग पुग्ने गरी अध्ययन अनुसन्धान गर्ने, आयोजना बैंक तयारी, वृहत जनशक्ति योजनाको तयारी, नीति बहस, लगानी मञ्चका कार्यहरु प्रक्रियामा रहेका छन् ।नतिजामुखी योजना प्रणालीको माध्यमबाट उत्पादन बृद्धि, पूर्वाधार विकास, सामाजिक विकासलाई प्राथमिकता दिई आर्थिक वृद्धिका क्षेत्रमा गरिएका प्रयासले समृद्ध नेपाल निर्माणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने राष्ट्रिय योजना आयोगका कर्मचारीहरुलाई हार्दिक धन्यबाद छ।

लक्ष्मण अर्याल

सदस्य सचिव

राष्ट्रिय योजना आयोग

# विषय सूची

## परिच्छेद — १

**प्रारम्भिक**

१.१ पृष्ठभूमि १
१.२ राष्ट्रिय योजना आयोगको परिचय २
१.३ आयोगको काम, कर्तव्य र अधिकार ४
१.४ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ ५
१.५ आर्थिक कार्यविधि नियमावली, २०६४ ५
१.६ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ६
१.७ राष्ट्रिय योजना आयोगको विद्यमान संगठन संरचना तथा कार्य विवरण ६

## परिच्छेद — २

**प्रमुख उपलब्धिहरु**

२.१ राष्ट्रिय योजना आयोगको बैठक तथा निर्णयहरु ८
२.२ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक ८
२.३ योजना तथा संगठन १०
२.४ अनुगमन तथा मूल्याङ्कन १२

## परिच्छेद — ३

**कार्यक्षेत्र सम्बद्ध समस्याहरु, चुनौती तथा समाधानका उपायहरु**

३.१ समस्याहरु १५
३.२ चुनौतीहरु १५
३.३ उल्लेखित समस्या तथा चुनौतीहरु समाधानका लागि चाल्नु पर्ने कदमहरु १६

## परिच्छेद — ४

**कार्यक्षेत्रगत सम्बद्ध Thematic Area को अध्ययन अनुसन्धानको विवरण** १७

## परिच्छेद — ५

**भावी कार्यदिशा** १८

**अनुसूचीहरु** २०

# परिच्छेद -१

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

मुलुकको सुशासन विकास र समृद्धिका लागि विश्वव्यापी रुपमा स्वीकारिएको सुशासनको मूल मन्त्रलाई आत्मसात् गर्दै सेवा प्रवाहमा नागरिकको आवश्यकता र चाहना अनुरुप समय सापेक्ष सुधार गर्दै जानु आजको आवश्यकता हो। समग्र शासकीय प्रणालीमा सुधार र आधुनिक विकासको पूर्वाधार आम नागरिक समक्ष पुर्याउनु नै असल शासन व्यवस्था भएकोले सार्वजनिक प्रशासनलाई चुस्त, प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी, सेवामुखी, परिणाममुखी तथा उत्तरदायी बनाउँदै लैजानु पर्दछ । नागरिकको समृद्धि तथा खुसी जीवनको सुनिश्चितता गर्नु शासन आजको प्रमुख लक्ष्य भएको छ। सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवं सहजता ल्याउनु राज्यका सम्पूर्ण निकायको मुलभूत दायित्व हो।

राष्ट्रको समग्र विकासको लागि दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्ने, क्षेत्रगत नीति एवं रणनीतिहरु तयार गरी विकासका कार्यक्रमहरुलाई लक्षित दिशामा निर्देशित गर्न सघाउनुका साथै विभिन्न आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनमा सल्लाह दिने केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ । अध्ययन, अनुसन्धान तथा अन्वेषण जस्ता सृजनात्मक र ज्ञानमा आधारित कार्य गर्ने गराउने, दिगो विकास लक्ष्यको सूचक निर्धारण तथा अनुगमन कार्य, सहकार्यमा संघीयताको सुदृढीकरण गर्ने, संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा सहयोग, तहगत समन्वय र सहजीकरण गर्ने, मूलुकको योजनावद्ध विकासलाई थप स्पष्ट र तथ्यपरक बनाउन आयोजना बैंकको निर्माण, राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना र कार्यक्रम सम्बन्धमा अन्तराष्ट्रियस्तरको शोध तथा अनुसन्धान एवं नीति संवाद र लगानी मञ्चको विकास सञ्चालनको अवधारणालाई कार्यान्वयनमा ल्याएको छ ।

आयोगले समग्र विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्न कार्यका साथै विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन, विकास योजनाका विषयहरूमा विचार आदानप्रदान तथा छलफल र अन्तरक्रियाका लागि एउटा विषयविज्ञको संस्थाको भूमिका निर्वाह गर्दछ। साथै, यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण र समन्वय गर्दछ। नागरिक समाज, गैर सरकारीसंस्थाहरू र निजीक्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधान गर्ने कार्य मा योजनाको केन्द्रीय निकायको रुपमा समेत कार्य गर्नुपर्ने भएकोले मूलतः आठौं योजनाको सुरुवातदेखि नै शासकीय सुधारका लागि सुशासनको विधिलाई अवलम्बन गर्दै आएको छ। आ.व. २०७३/७४ देखि आ.व. २०७५/७६ सम्म कार्यान्वयनमा रहने चौधौं योजनाले समेत सुशासनलाई क्षेत्रगत योजना

मध्येको एक महत्वपूर्ण क्षेत्रको रुपमा समावेश गरेको छ।

वर्तमान परिवर्तित सन्दर्भमा विकासका आयामहरु, क्षेत्रहरु र दायराहरु समेत फराकिलो बन्दै गएकोले, श्रोत साधनको समुचित बाँडफाड तथा उपयोग गरी आधुनिक मापदण्ड अनुसार नागरिकको गुणस्तरीय जीवन प्रवर्द्धन गर्ने दिशामा योजनाहरु मुखरित बन्नु पर्ने भएको छ। विकास प्रक्रियामा समेत संघीय प्रणालीलाई आत्मसाथ गर्दै केन्द्रीयस्तरबाट समेत राष्ट्रिय महत्व राख्ने ठूला परियोजनाको सञ्चालन गरी दिगो आर्थिक विकासलाई द्रुतगतिमा अगाडि बढाई समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य प्राप्तिमा भरपर्दो योगदान पुर्याउन आवश्यक छ। त्यस्ता कार्यलाई आवश्यक पर्ने श्रोतका लागि श्रोत पहिचान तथा विकास साझेदार निकाय सँग समन्वय गरी नागरिक सहभागिताको माध्यमबाट विकास प्रक्रिया अवलम्बन गर्न सोच, कार्य शैली तथा व्यवहारमा समेत परिवर्तन गर्न सकेमा सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ। यसकार्यका लागि आयोगका साथै सबै निकायको कार्य प्रणालीलाई समन्वित र व्यवस्थित वनाउन जरुरी छ । मुलुकको वहुपक्षिय विकासका लागि आयोगले आफ्नो कार्य प्रणालीलाई सुशासन मैत्री बनाउँदै लगेको छ।

संघीय व्यवस्थामा मुलुक प्रवेश गरे सँगै संघ, प्रदेश र स्थानीय तहका विकास प्रयासहरुलाई राष्ट्रको समग्र विकाससँग आवद्ध गरी लैजान दूरगामी सोचपत्रको तर्जुमा, कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत जटिलताहरुको सरलीकरण, मध्यमकालिन खर्च संरचनाको सुदृढीकरण, संघीयता तथा विकेन्द्रीकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन तथा दिगो विकासलक्ष्यको सूचक व्यवस्थापनतथा अनुगमन पद्धतीको विकास र सूचना तथा तथ्याङ्क प्रणालीलाई बैज्ञानिक तथा भरपर्दो र पहुँच योग्य बानाउने तथा अन्तराष्ट्रियस्तरको मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गराउने कार्यलाई प्राथमिकताका साथ आयोगले अगाडि बढाउँदै लगेको छ ।

## १.२ राष्ट्रिय योजना आयोगको परिचय

नेपाललाई विकासको हरेक पक्षहरुमा गति प्रदान गर्न विकास प्रक्रियालाई एकीकृत र योनजावद्ध रुपमा लैजाने अवधरणा सहित सर्वप्रथम बि.सं. २०१३ सालमा तत्कालिन प्रधानमन्त्री स्व. टंक प्रसाद आचार्यको अध्यक्षतामा केन्द्रीयस्तरमा योजना आयोगको गठन भएको थियो । त्यही सालबाट योजनावद्ध विकास प्रयासको थालनी गरी पहिलो योजना (२०१३- २०१७) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको थियो जसले योजनाको आधारशिला तयार गर्न सहयोग पुऱ्यायो । योजना आयोगलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ जारी गरियो र त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो। योजना मण्डललाई योजना तर्जुमा गर्ने जिम्मेवारी वाहेक विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो। वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद (National Planning Council) को स्थापना भएको थियो । यस परिषद्को

निर्णयलाई मन्त्रिपरिषद्को निर्णय सरहको मान्यता दिई यस परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा राखियो। यस परिषद्लाई सहयोग पुऱ्याउन एउटा छुट्टै सचिवालयको स्थापना भएको थियो।तर, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायतासम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो । वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्नेगरी उस्तै नाम दिई गठन गरियो ।मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुनेगरी आर्थिक विकास (Economic affairs) मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं.२०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू गर्नेगरी आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयमा सरियो । मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगले प्रतिस्थापन गरी यसलाई सघाऊ पुऱ्याउन छुट्टै सचिवालय स्थापना गरियो । वि.सं. २०२९ मा तयार गरिएको अध्ययन प्रतिवेदनले प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माणसम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुनर्‌गठन गरियो। वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरुपमा सामान्य परिवर्तन गरियो।वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको पाइन्छ। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको पाँच जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो । यसमा मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा रहने व्यबस्था गरियो ।संघीयताको सन्दर्भमा समेत समयानुकुल हुने राष्ट्रिय योजना आयोगको कार्यसंचालन गर्ने आदेश, २०७४ नेपाल सरकारबाट स्वीकृत गरी सो को आधारमा हाल राष्ट्रिय योजना आयोगको पुनर्गठन भएको छ । विगतको सचिवालयलाई हटाइ आयोग भित्र सचिवालयको काम पनि समेटिएको छ । कार्यक्षेत्रमा छरितोपना ल्याई कार्यविशिष्टीकरणमा जोड दिइएको छ ।

नेपालको योजनावद्ध विकास छ दशक पुगिसकेको छ भने हालसम्म १४ वटा आवधिक योजनाहरु कार्यान्वयन भई हाल चौधौं योजना कार्यान्वयनको अवस्थामा छ । आवधिक योजना तथा बार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने मुख्य कार्यक्षेत्र रहेको राष्ट्रिय योजना आयोग र यस आयोगको कार्यकारी र सहयोगी निकाय राष्ट्रिय योजना आयोगको गठन प्रकृया तथा कार्यहरुबारे अध्ययन गर्दा यसको नेतृत्व गर्ने पदाधिकारी, सदस्यहरुको संख्या तथा संगठन स्वरुपमा समय समयमा फेरबदल भईरहेको पाइन्छ ।

सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठनमा उपाध्यक्ष एक, सदस्य छ, सदस्य सचिव एक, मुख्य सचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था छ । यसरी राष्ट्रिय योजना आयोगले बिगतमा विभिन्न नाममा भिन्न भिन्न कार्य विवरण सहित कार्य गर्दै पटक पटकको परिबर्तन र सुधारको प्रकृयाबाट हालको अवस्थामा रहेको पाइन्छ ।संगठन स्वरुप र काम कर्तव्य, अधिकारहरुको समयक्रम संगै पटक पटक भएका सुधारहरुको नतिजास्वरुप राष्ट्रिय योजना आयोगको संगठन स्वरुप तयार भएको हो।

## १.३ आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

**१.३.१ गठनः** नेपालमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोंच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रुपमा काम गर्न देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ ।

| | | |
|---|---|---|
| क) | प्रधानमन्त्री | - अध्यक्ष |
| ख) | नेपाल सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छजना | - सदस्य |
| घ) | मुख्य सचिव, नेपाल सरकार | - सदस्य |
| ङ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| च) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य-सचिव |

खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिम प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था छ ।

क) आर्थिक विकास,
ख) सामाजिक विकास,
ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा
घ) प्राकृतिक स्रोत व्यवस्थापन

### १.३.२ आयोगको बैठकः

आयोगको पूर्ण बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ । आयोगको बैठक आयोगको अध्यक्षले अध्यक्षता गर्ने र उपाध्यक्षले अध्यक्षता गर्ने गरी दुई प्रकृतिका छन् । आयोगका अध्यक्षले अध्यक्षता

गर्ने बैठक बर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था छ भने उपाध्यक्षले अध्यक्षता गर्ने आयोगको नियमित बैठक साप्ताहिक रुपमा बस्ने व्यवस्था छ।

### १.३.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ मा प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारमा आयोगको कार्यक्षेत्र मूलतः देहाय बमोजिमका चारवटा उल्लेख गरिएका छन्

(क) दीघर्कालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,

(ख) अनगुमन तथा मूल्याङ्कन,

(ग) योजना प्रकृया सम्बन्धमा तहगत समन्वय,

(घ) अध्ययन, अनसुन्धान तथा अन्वेषण ।

**१.४ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५** मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थावाट अनुदान र ऋणस्वरुप नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायता लिनु अघि त्यस्तो सहायता योजना तथा वाषिक कार्यक्रमले निर्धारण गरेको प्राथमिकता, नीति तथा कार्यक्रम अनुरुप छ/छैन सो सम्वन्धमा सामान्यतयाः राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृती लिने र सो को विवरण तयार पारी अर्थ मन्त्रालयमा पेश गर्ने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**१.५ आर्थिक कार्यविधि नियमावली**, २०६४ मा राष्ट्रिय योजना आयोगले गर्ने कामको सम्वन्धमा देहायका व्यवस्था गरिएको छ ।

**क) आयोजना स्वीकृत गर्ने गराउनेः** विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ । जिल्लास्तरीय आयोजना राष्ट्रिय योजना आयोगको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र केन्द्रीयस्तरीय आयोजना राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नु पर्नेछ।आयोजना स्वीकृत गर्ने आधार अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वाषिक बजेट तर्जुमा गर्नुपर्नेछ ।

**ख) कार्यक्रम स्वीकृत गर्नेः** कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेटअन्तर्गत नियम २२ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ।यसरी स्वीकृत भएको कार्यक्रम केन्द्रीयस्तरको भएमा मन्त्रालयले सोको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ ।

२) उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

३) सम्बन्धित मन्त्रालयले उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ । साथै सम्बन्धित मन्त्रालयले खर्च गर्ने अख्तियारीको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

**ग) कार्यक्रम संशोधन गर्नेः** कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुनेगरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित मन्त्रालय र कार्यालयले राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ ।

**घ) वैदेशिक सहायता बजेट विवरणमा समावेश गर्नेः** कुनैपनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रहरुबाट कुनैपनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

**ङ) अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिनेः** उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिंदा नियम २० बमोजिम तयार गरी पेश हुन आएको बजेट विवरण माथि अर्थ मन्त्रालयले मुलुकको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी थप-घट गर्न सक्नेछ ।

**१.६ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा १७ अनुसार नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय निकायहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक बर्षमा हुन खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको ।

## १.७ राष्ट्रिय योजना आयोगको विद्यमान संगठन संरचना तथा कार्य विवरणः

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यबस्था गर्दछ । हाल आयोगको स्वीकृत दरवन्दी १०५ रहेको छ । राष्ट्रिय योजना आयोगको प्रमुख कार्यकारी निकायको रुपमा रहेको यस आयोगले राष्ट्रिय विकास परिषद् र राष्ट्रिय योजना आयोगको कार्य गर्ने क्रममा देहायका कार्यहरु गर्दछ ।

१. राष्ट्रिय बिकास परिषदको बैठकको व्यवस्था गर्ने, परिषद्बाट स्वीकृति लिनुपर्ने प्रस्तावहरु तयार गर्ने र परिषद्को सचिवालयको काम गर्ने ।

२. नेपाल सरकारबाट गठन हुने विभिन्न परिषद्हरुको कार्यकारी भूमिका निभाउने गरी सचिवालयको रुपमा काम गर्ने ।

३. राष्ट्रिय योजना आयोगबाट लिईएको निर्णयहरुको प्रमुख कार्यकारी निकायको रुपमा काम गर्ने ।

राष्ट्रिय योजना आयोगको सचिवालयको विद्यमान संगठन संरचना अनूसूचि १ मा रहेको छ ।

# परिच्छेद -२

# प्रमुख उपलब्धिहरु

राष्ट्रिय योजना आयोगले कार्य सम्पादनको सिलसिलामा आयोगबाट लिईएका निर्णयहरुको कार्यान्वयन तथा सचिवालयको आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु यस परिक्षेदमा संक्षेपमा उल्लेख गरिएको छ ।

## २.१ राष्ट्रिय योजना आयोगको बैठक तथा निर्णयहरु

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षको अध्यक्षतामा आवश्यकतानुसार आयोगको पूर्ण बैठक बस्ने गरेको छ । गत आ.ब.मा २०७५/०२/१५ गते भएको पूर्ण बैठकबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२२) को उपदफा (१) अनुसार नेपाल सरकारले राजस्व र व्ययको अनुमानसाथ सोही ऐनको दफा (१७)बमोजिमको मध्यकालीन खर्च संरचना पनि संसदमा प्रस्तुत गर्नु पर्ने व्यवस्था भए बमोजिम तयार गरिएको आगामी तीन आर्थिक वर्ष (२०७५/७६ देखि २०७७/७८ सम्म) को मध्यकालीन खर्च संरचना र आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम आवश्यक परिमार्जनसहित स्वीकृत गरियो।
त्यसै गरी सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षबाट प्रत्यायोजित अधिकारका आधारमा आयोगका उपाध्यक्षको अध्यक्षतामा साप्ताहिक रुपमा र आवश्यकता अनुसार आयोगको नियमित बैठक बस्ने गरेको छ । यी सबै बैठकहरुले गरेका निर्णयहरु नागरिकहरुको सूचनाको हक तथा सुसूचित हुन पाउने अधिकारको प्रत्याभूति हुने गरी नियमित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र व्यवस्थापिका संसद सचिवालयमा पठाउने गरिएको छ। साथै, पारदर्शिता एवम् सुशासन कायम गर्ने उद्देश्यसहित आयोगले गरेका निर्णयहरु आयोगको वेवसाइटमा राख्ने गरिएको छ। यस अवधिमा आयोगले गरेका निर्णयहरु अनुसूची-२ मा समावेश छन् ।

## २.२ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक

नीति, विकास योजना, कार्यक्रम/आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने सर्वोच्च निकायको रूपमा राष्ट्रिय विकास समस्या समाधान समिति (राविससस) रहेको छ । राविससससमा देहाय बमोजिमका पदाधिकारीहरु रहने व्यवस्था छ।

| | |
|---|---|
| १. प्रधानमन्त्री | - अध्यक्ष |
| २. मन्त्रीहरू | - सदस्य |
| ३. राज्यमन्त्रीहरू | - सदस्य |
| ४. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - सदस्य |

५. सहायकमन्त्रीहरू - सदस्य
६. मुख्यसचिव - सदस्य
७. राष्ट्रिय योजना आयोगका सदस्यहरू - सदस्य
८. सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य-सचिव
९. विषयसँग सम्बन्धित पदाधिकारीहरू आमन्त्रित

राविसससका कार्यहरु देहाय अनुसार रहेका छन् ।

१. विभिन्न मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रम आयोजनाहरूको/कार्यान्वयन स्थितिको समीक्षा गर्ने।
२. मन्त्रालयमा हुने मन्त्रालयस्तर विकास समस्या समाधान समिति) मविससस (को बैठकबाट समाधान हुन नसकेका समस्याहरूको समाधानका लागि उपयुक्त निर्णय लिने ।
३. कार्यक्रम आयोजनाको/कार्यान्वयनतहमा भएका अन्तर-मन्त्रालय समन्वयसम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुहरूका सम्बन्धमा देखिएका समस्याहरूको समाधान गर्ने ।
४. कार्यक्रम आयोजनाको/कार्यान्वयनमा देखिने गरेका एकै प्रकृतिका समस्याको स्थायी समाधानका लागि अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गराउने र प्राप्त सुझावका आधारमा नीतिगत निर्णय लिने ।

उल्लिखित कार्यका लागि राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरु प्रत्येक चौमासिक अवधि अन्त्य भएको दोस्रो महिनाको तेस्रो हप्ताको उपयुक्त मितिमा बस्ने गरेको छ । यस आ.ब. मा निर्दिष्ट गरेको समयभित्रै राविसस तथा उपसमितिका बैठकहरु सम्पन्न भएका छन् । साथै समितिका बैठकका निर्णयहरुको कार्यान्वयनको अनुगमन तथा प्रगति प्रतिवेदनहरु नियमितरुपमा तयार गरी पृष्ठपोषणका लागि पेश गरिएको छ ।

गत आ.ब.को राष्ट्रिय विकास समस्या समाधान समितिको ४०औं बैठक मिति २०७४ भाद्र १९ मा बसेको थियो ।उक्त बैठकले स्थानीय तहको प्रशासनिक संरचना स्पष्ट नहुँदा जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा समस्या परेकोले सामान्य प्रशासन मन्त्रालयले संयोजन गरी संघीय मामिला तथा स्थानीय विकास, शिक्षा, स्वास्थ्य, कृषि विकास, पशुपंक्षी विकास, महिला, वालवालिका तथा समाज कल्याण, उद्योग, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र सिंचाइ मन्त्रालयको प्रतिनिधित्व रहने कार्यदल गठन गर्ने र इच्छुक भूकम्प प्रभावितलाई पूर्व घोषणावमोजिम सहुलियतपूर्ण रुपमा र सामूहिक जमानीमा निर्व्याजी ऋण उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले नीतिगत व्यवस्था गर्ने निर्णयहरु भएको थियो ।

त्यस्तै, समितिको ४१औं बैठक मिति २०७४ पौष २१ मा बसेको थियो ।बैठकले मन्त्रालयहरुबाट स्थानीय तहमा हस्तान्तरित कामका विषयमा आ-आफ्नो बिषयगत क्षेत्रमा आवश्यकता अनुसार शाखागत कार्य जिम्मेवारी, नमूना कानून, मापदण्ड तथा कार्यविधि तयार गरी सबै गाउँपालिका तथा नगरपालिकालाई

२०७४ माघ मसान्तभित्रमा उपलव्ध गराउने, स्थानीय तहले प्राप्त अनुदान रकमबाट विषयगत क्षेत्रका कार्यक्रम संचालनका लागि गरेको बाँडफाँट, कार्यान्वयनसम्बन्धी व्यबस्था, कार्यरत जनशक्ति तथा तिनीहरुको क्षमता, सेवा प्रवाहमा रहेका सवालहरु वा ल्याइएका सुधारहरु आदि बिषयमा राष्ट्रिय योजना आयोगको संयोजकत्व तथा अर्थ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संलग्नतामा २०७४ माघ मसान्तभित्र केही स्थानीय तहको अध्ययन गराई आबश्यक नीतिगत व्यबस्थाका लागि सुझाव दिन लगाउने निर्णयहरु भएका थिए।

गत आ.ब. को अन्तिम तथा राविसससको ४२ औ बैठक २०७५ जेठ २१ गते बसेको थियो ।उक्त बैठकलाई निर्देशन दिने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले विषयगत मन्त्रालयको आफ्नो कार्यक्षेत्रसम्बन्धी विषयहरूमा प्रोफाइल तयार गर्ने । मन्त्रालयसँग सम्बन्धित क्षेत्रहरूमा नीतिगत, प्रक्रियागत एवम् बिहंगम प्रकृतिका समस्या तथा सवालहरू भए सो पहिचान गरी समितिमा पेश गर्न निर्देशन भएको थियो । माननीय मन्त्रीज्यूहरूले समेत त्यस्तो आशय प्रकट गर्नुभएको हुँदा तदनुरूप प्रोफाइल तयार गर्न र त्यस्ता समस्याहरूको सुची तयार गर्न लगाई २०७५ श्रावण समान्तभित्र आयोगलाई उपलव्ध गराउन सम्बद्ध सबै मन्त्रालयलाई पत्राचार गरिएको छ।

उल्लिखित राविसससका बैठकहरुबाट भएको निर्णयहरु आयोगको वेवसाइटमा राखिएका छन् ।

त्यसैगरी मन्त्रालयस्तरवाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुनुपर्ने देखिएका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाब तयार गर्ने र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यलाई समन्वय गरी व्यवस्थित गर्न र आवश्यक मार्गदर्शनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ । उक्त समितिको बैठक चार महिनामा एक पटक राविसससको बैठक बस्नुपूर्व बस्दछ । गत आ.ब. मा यस उपसमितिका बैठकहरु समयभित्रै सम्पन्न भएका थिए।यसै बैठकका आधारमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको एजेण्डा र कार्यसूचीको थप परिमार्जन भएको थियो ।

## २.३ योजना तथा संगठन

मुलुकको समग्र विकासका लागि दूरदृष्टि सहितको योजना तथा क्षेत्रगत नीतिहरु तर्जुमा गरी संचालित आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनमा सल्लाह दिने केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोगको महत्वपूर्ण भूमिका रहँदै आएको छ। गत आ.ब. मा आयोगबाट सञ्चालित क्रियाकलापहरु र यसले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आयोग आफैले समीक्षा गरी यसको संस्थागत पक्षमा सुधार गर्नुपर्ने विषयहरुमा भएका प्रमुख उपलब्धिहरु यस अनुच्छेदमा उल्लेख गरिएका छन् ।

- बाढीपश्चातको पुनर्उत्थान आवश्यकता आँकलन (पि.एफ.आर.एन.ए.) तयार गरी सम्माननीय प्रधानमन्त्रिज्यू समक्ष पेश गरेको।
- राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूको संयोजकत्वमा "बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण लगानी खाका" तयार गरिएको ।
- दीगो विकासको लक्ष्यहरु (SDGs) लाई नेपालको योजनावद्ध विकासको प्रयाससँगै पूर्णरुपमा कार्यान्वयनमा ल्याउन उक्त लक्ष्यहरुलाई समेटी नेपालको राष्ट्रिय आधारभूत प्रतिवेदन (SDGs Baseline Report), विश्वव्यापी एवम् राष्ट्रिय सूचकहरु सहितको अनुगमन तथा मूल्याङ्कन खाका (SDGs Monitoring and Evaluation Framework) तयार भै प्रकाशित गरिएको छ । साथै सो को कार्यान्वयन सम्बन्धी लागत अनुमान (SDGs Costing) सम्बन्धी दस्तावेजहरु तर्जुमाको क्रममा रहेका छन् ।
- वि सं २०७२ असोजमा जारी भएको नेपालको संविधानको व्यवस्था अनुरुप मुलुक केन्द्रीय शासन प्रणालीबाट संघीय संरचनामा अघि बढिरहेको परिप्रेक्ष्यमा मुलुकको योजना प्रणालीमा पनि तदनुकूल समायोजन गर्नु पर्ने र संविधानको व्यवस्था बमोजिम कायम रहने संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन विधिमा सहयोग गर्नका लागि स्थानीय आवधिक योजना तर्जुमा दिग्दर्शनको अन्तिम मस्यौदा स्वीकृतिको चरणमा रहेको तथा प्रदेशस्तरिय आवधिक योजना तर्जुमा दिग्दर्शन तयार गर्नका लागि प्रारम्भिक कार्य भैरहको ।
- विगतमा शुरु भएको मध्यकालीन खर्च संरचना केही वर्षका तयारी नभएको भएतापनि आर्थिक वर्ष २०७५/७६–२०७७/७८ सम्मको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) तयार गरी प्रकाशन गर्नुका साथै आ.ब. २०७५/७६ को वार्षिक विकास बजेट तथा कार्यक्रम तयार पारी प्रकाशन समेत गरिएको छ ।
- सन् २०१८ देखि पाँच वर्षका लागि "बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६ — २०७९/८०)- Multisector Nutrition Plan II" तर्जुमा भई नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको ।
- नेपालमा पहिलो पटक प्रदेशगत बहुआयामिक गरिबी सूचकको मापन सहितको "नेपाल बहुआयामिक गरिबी प्रतिवेदन "Nepal Multidimensional Poverty Report, 2018" तयार गरिएको ।
- कुनै आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त एकिन गराउनको लागि "आयोजनाको राष्ट्रिय प्राथमिकता निर्धारण सम्बन्धी आधार, २०७४" तयार गरी लागू गरिएको ।
- आर्थिक वर्ष २०७५/७६ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, वजेट र राष्ट्रिय योजना आयोगबाट सम्पादन गर्ने कार्य जिम्मेवारीको कार्ययोजना आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको ।

- नेपालको आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउन देशभर सञ्चालनमा रहेका सम्पूर्ण आर्थिक एकाईहरुको सूची तयार गरी सोही वमोजिम आधारभुत आर्थिक तथ्याङ्क व्यवस्थापन गर्न नेपालमा पहिलोपटक राष्ट्रिय आर्थिक गणना, २०७५ सफलतापूर्वक सञ्चालन गरिएको ।

## २.४ अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय योजना आयोगबाट अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा प्रभावकारी बनाउन विभिन्न प्रयासहरु भएका छन् । यसले विकास योजना, कार्यक्रम तथा आयोजनालाई लक्षित साधन श्रोतको उच्चतम् उपयोग गरी अपेक्षित समयमै सम्पन्न गराउने दिशामा सम्बन्धित निकायहरुलाई मार्गनिर्देशित गर्न सहयोग पुर्‍याएको छ।

(क) अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारी एवम् दक्षता अभिवृद्धि गर्न मन्त्रालयस्तर तथा क्षेत्रीयस्तरमा समेत जनशक्तिको क्षमता विकासका लागि आधारभूत तथा आन्तरिक मूल्यांकन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

(ख) तेस्रो पक्षबाट गराइने मूल्याङ्कनलाई स्तरीय तथा संस्थागत गर्ने सम्बन्धी प्रयासहरु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा दिइएका सुझावहरुको कार्यान्वयन गरी निर्णय प्रक्रियालाई सूचनामा आधारित गराउन आ.व.२०७४/७५ मा विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका छन्।

(ग) राष्ट्रियस्तरका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई अझै प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको परिमार्जन कार्य सम्पन्न गरी प्रकाशनको चरणमा रहेको छ ।

(घ) पहिलो प्राथमिकता प्राप्त विकास आयोजना सञ्चालन गर्ने सबै मन्त्रालयका आयोजनासम्बन्धी प्रतिवेदन तयार गर्ने जिम्मेवार अधिकारीहरुलाई विभिन्न समूहमा विभाजन गरी आयोजना कार्यसम्पादन सूचना प्रणाली (Project Performance Information System-PPIS) सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिनुका साथै उक्त सफ्टवेयर प्रयोग गर्ने सम्बन्धित निकायका अधिकृतहरुलाई ID प्रदान गरी कार्यान्वयनमा ल्याइएको छ।

### २.४.१ अनुगमन

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० लाई दीगो विकासका लक्ष्यहरु कार्यान्वयनमा आएपश्चात् समयानुकूल परिमार्जनसहित सो को कार्यान्वयनका लागि आवश्यक परिमार्जनको कार्य भै प्रकाशनके चरणमा पुगेको छ ।

आ.व.२०७४/०७५ मा रा .यो. आ. का पदाधीकारीहरुवाट देहायका कार्यक्रम/आयोजनाहरु समेतको सञ्चालनको अवस्थाको अनुगमन गरी प्रतिवेदन पेश गरिएको छ ।

- मेलम्ची खानेपानी आयोजना
- प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना
- कृषि मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रमहरु
- नारायणघाट–मुगलिङ्ग सडक आयोजना
- व्यवसायिक कृषि तथा व्यापार आयोजना
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (झापा)
- कृषि मन्त्रालयअन्तर्गतका कार्यक्रमहरु
    - सुपरजोन कार्यान्वयन इकाई (धान) वानियानी झापा
    - Custom Hiring Center (झापा)
    - गोरखाटी र इलामेली चिया उत्पादन संस्था, फिक्कल इलाम
    - पूर्वाद्ध डेरी उद्योग
- व्यवसायिक कृषि व्यापार आयोजना
- नारायणघाट मुग्लिन सडक आयोजना
- मेलम्ची खानेपानी आयोजना
- घरेलु तथा साना उद्योग विकास समिति (स्याङ्जा)
- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, तरकारी जोन, चितवन

### २.४.२. मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कन विधेयक सम्बन्धमा सुझाव समेत संकलन गरिएको छ। सरकारी निकायमा कार्यरत कर्मचारीहरुको मूल्याङ्कन सम्वन्धी क्षमता अभिवृद्धीको लागि आयोगको बजेटबाट कर्मचारीहरु मात्र संलग्न गराई मूल्याङ्कन कार्यसँग सम्वन्धित सवै प्रक्रियाहरु पुरा गरी पर्यटन पूर्वाधार विकास कार्यक्रम र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको आन्तरिक मूल्याङ्कन गराईएको छ। अन्तर्राष्ट्रिय अनुभव तथा विशेषज्ञताबाट सिक्नका लागि समेत International Initiative for Impact Evaluation (3iE) सँग समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम अघि बढाइएको छ। यस अन्तर्गत 3iE ले छानेको University of Minnesota, USA को Evaluation Team बाट विद्यालय क्षेत्र विकास कार्यक्रमको वेसलाईन प्रतिवेदन तयार भएको छ । त्यसैगरी आयोगको निर्देशनमा यूनिसेफको सहयोगमा प्रारम्भिक बाल विकास कार्यक्रम र गरिवी निवारण कोषको तेस्रो पक्षबाट मूल्याङ्कन कार्य सम्पन्न भै अन्तिम प्रतिवेदन प्राप्त भएको छ । तेस्रो पक्ष मुल्याङ्कनकै क्रममा आयोग अन्तर्गत संचालित दिगो विकास लक्ष्य सुदृढीकरण आयोजना Project of Facilitation of Sustainable Development Goals Nepal बाट कृषि तथा खाद्य सुरक्षा आयोजना र पश्चिम नेपाल खानेपानी तथा सरसफाइ आयोजनाको मूल्याङ्कन कार्य शुरुवात भएको छ । यस सम्बन्धमा भएको महत्वपूर्ण प्रगतिहरुको विवरण देहाय अनुसार रहेको छ ।

**आ. व. २०७४/७५ मा कार्यक्रम/आयोजनाहरुको आन्तरिक र तेस्रो पक्षद्वारा मुल्याङ्कन सम्बन्धी विवरण**

| **क्र.स.** | **मुल्याङ्कन गरिएको बिषय** | **मुल्याङ्कनकर्ता** | **मुल्याङ्कन गराउँदा खर्च भएको स्रोत** | **कैफियत** |
|---|---|---|---|---|
| १. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | अनुगमन तथा मुल्याङ्कन महाशाखा | रायोआको बजेट | सम्पन्न भइसकेको |
| २. | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | " " " | " " " | " " " |
| ३. | विद्यालय क्षेत्र विकास कार्यक्रम | तेस्रो पक्ष | 3ie को सहयोग | Baseline report तयार भएको |
| ४. | प्रारम्भिक बाल विकास कार्यक्रम | " " " | यूनिसेफको सहयोग | अन्तिम प्रतिवेदन प्राप्त |
| ५. | गरिवी निवारण कोष | " " " | " " " | " " " |
| ६. | कृषि तथा खाद्य सुरक्षा आयोजना | " " " | FPSN आयोजनाको सहयोग | मूल्याङ्कनकर्ता छनौट भई मूल्याङ्कन कार्य भैरहेको । |
| ७ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ आयोजना | " " " | FPSN आयोजनाको सहयोग | " " " |

# परिच्छेद-३

## कार्यक्षेत्र सम्बद्ध समस्याहरु, चुनौती तथा समाधानका उपायहरु

### ३.१ समस्याहरु

राष्ट्रिय योजना आयोगको आफ्नो काम कारवाहीको सिलसिलामा देहाय अनुसारका प्रमुख समस्याहरु अनुभूत गरिएका छन् ।

- आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आयोगले आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरुमा पहिचान गरेका उपायहरु प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउन अफ्ठयारो भएको ।
- सञ्चालनमा आउने नयाँ आयोजनाहरु राष्ट्रिय योजना आयोगबाट स्वीकृत गराई मात्र कार्यक्रममा समावेश गर्नुपर्नेमा सो नगरी कार्यक्रममा समाविष्ट गरे पश्चात मात्र स्वीकृति तथा समर्थनका निम्ति पठाउने गरेको।
- कार्यान्वयन तथा बजेट विनियोजनका दृष्टिकोणले समेत महत्वपूर्ण आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी विनानै कार्यान्वयनमा लैजाने गरेको ।
- मध्यमकालिन खर्च संरचना तर्जुमा तथा आवधिक योजनाको नतिजा खाकाका आधारमा प्रगति समिक्षा गर्ने सम्बन्धमा अधिकांश निकायहरुले गम्भिरतापूर्वक कार्यान्वयन गर्ने नगरेको ।
- योजना तथा अनुगमनमा एकरुपता गर्ने उदेश्यले आयोगबाट स्वीकृत भएका विभिन्न फाराम तथा ढाँचाहरु कतिपय निकायहरुले प्रयोग गर्ने नगरेको।
- आयोगले मागेको आवश्यक सूचना तथा प्रतिवेदनहरु तोकिएको ढाँचामा समयमा पठाउने नगरेको।
- पुनर्गठन भएको आयोगका पदाधिकारी, आयोगको कार्य जिम्मेवारी र कार्यक्षेत्रको आधारमा प्रशासनिक र विज्ञ जनशक्तिको अभाव रहेको ।
- केन्द्रीय तथ्याङ्क विभागको संघीय कार्य जिम्मेवारी पुरा गर्न सक्षम हुने गरी संगठनात्मक पुनर्संरचना हुन नसक्दा राष्ट्रिय तथ्याङ्क प्रणालीको कार्यमा जटिलता आएको छ ।

### ३.२ चुनौतीहरु

- संघीय व्यवस्था अनुकूल राष्ट्रिय योजना आयोगको पुनर्संरचना गरी तहगत योजना संगठनहका वीचमा समन्वय र सामाञ्जस्यता कायम गर्दै विकासका प्रयासहरुलाइ समन्वय गर्नु ।
- मध्यम आय भएको मुलुकको स्तरमा पुग्न आबश्यक पर्ने दीर्घकालिन सोच, नीति, योजना र कार्यक्रमहरुलाई वस्तुपरक बनाइ कार्यान्वयन गर्नु।
- आयोजना तथा कार्यक्रमहरुको नियमित र तालिकाबद्ध अनुगमन तथा निरीक्षणको प्रबन्धद्वारा वस्तुनिष्ठ सूचकहरुको निर्माण गरी हरेक निकायद्वारा गरिने अनुगमन बीच एकरुपता कायम

गर्नु।

- सन् २०१६ देखि अंगिकार गरिएको दीगो विकासका लक्ष्यहरुलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरुमा समाहित गरी लक्ष्य प्रासिका लागि वस्तुनिष्ठ सूचकहरुको निर्माण गरी कार्यान्वयनमा लैजानु।
- संघीय व्यवस्था अनुकूल तहगत योजना संगठन तथा योजनाहरुका वीचमा समन्वय र सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकिकृत गर्नु ।
- संघ, प्रदेश र स्थानीय तहहरुलाई योजना तथा कार्यक्रम तर्जुमा तथा तिनको अनुगमन तथा मूल्यांकन एवम् अनुशिक्षण सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु एवम् दक्षता उपलब्ध गराउनु।

## ३.३ उल्लेखित समस्या तथा चुनौतीहरु समाधानका लागि चाल्नु पर्ने कदमहरु

- संघीय व्यवस्था अनुकूल राष्ट्रिय योजना आयोगको पुनर्संरचना गरी तहगत योजना संगठनहरुका वीचमा समन्वय र सामाञ्जस्यता कायम राख्दै राष्ट्रको तीव्र आर्थिक सामाजिक विकासका लागि नीतिगत तथा योजनका विषयमा सल्लाहकारी भूमिका निर्वाह गर्ने संगठनको रुपमा विकास गर्ने।
- सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न आबश्यक पर्ने दीर्घकालिन सोचपत्र तर्जुमा गरी आवश्यक नीतिगत तथा कार्यक्रमगत योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।
- दिगो विकासका लक्ष्यहरुलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरुमा समाहित गरी लक्ष्य प्रासिका लागि वस्तुनिष्ठ सूचकहरुको निर्माण गरी कार्यान्वयनमा लैजाने साथै दिगो विकास लक्ष्यका लागि दातृ निकायबाट गरिने खर्चहरुको लागि एकीकृत प्रणालीको विकास गर्ने ।
- बिभिन्न निकाय, मन्त्रालय र कार्यालयहरुवीच नीतिगत, कार्यक्रमगत समन्वय र सहकार्य मार्फत लक्षित उद्धेश्य परिपुर्ति गर्न तत्पर भई कार्य गर्ने ।
- राष्ट्रिय योजना आयोगको निर्देशन र उपलब्ध बजेट सिमा अनुरुपको बजेट निर्माण गर्ने ।
- नयाँ आयोजना तथा कार्यक्रम स्वीकृत गराएपछि मात्र कार्यान्वयन गर्नका लागि कार्यक्रम स्वीकृत गराउन आवश्यक पर्ने कागजातको जानकारी दिई सम्वन्धित निकायमा समन्वय गर्ने।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न आवश्यक पर्ने सूचकहरुको निर्माण गर्न आबश्यक बहस, पैरवी र छलफल गर्ने ।
- वस्तुनिष्ठ अनुगमन र मुल्याङ्कन गर्ने व्यवस्था गरी कार्यक्रमहरुको समय, लागत र गुणस्तर अभिबृद्धि हुने तवरले त्यस कार्यमा विभिन्न पक्ष र निकायको संलग्नता अनिबार्य गर्ने ।
- तथ्याङ्क प्रणालीलाई व्यवस्थित र एकीकृत तथ्याङ्क भण्डारण प्रणालीको विकास गर्न तथ्याङ्कसम्वन्धी नीति र नयाँ कानुनको तर्जुमा गर्नु पर्ने ।

# परिच्छेद — ४

## कार्यक्षेत्रगत सम्बद्ध Thematic Area को अध्ययन अनुसन्धानको विवरण

आ. व. २०७४/७५ को अवधिमा आयोगको सचिवालयबाट भएका अध्ययन अनुसन्धानको विवरण देहाय बमोजिम रहेको छ ।

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूको संयोजकत्वमा "बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण लगानी खाका" तयार गरिएको ।
- खाद्य हरियाली शहर सम्बन्धी निर्देशिका एवम् कार्यविधि तयार गरी सहरी विकास मन्त्रालयमा आवश्यक स्वयंसेवक परिचालन कार्यविधि, २०७४" तयार गरी लागू गरिएको।
- नेपाल विधुत प्राधिकरणको इन्जिनीयरिङ्ग कम्पनी मार्फत मूलुकका सबै स्थानीय तहमा सम्भाव्य उर्जा स्रोत वारे अध्ययन कार्य अन्तिम चरणमा रहेको,
- नेपालको अतिकम विकसित राष्ट्र बाट स्तरोन्नति हुने सम्बन्धमा आधिकारिक धारणा तयार भएको।
- दिगो विकास लक्ष्य तथा बाढीपछिको आवश्यकता आँकलन सम्बन्धी पोर्टल तयार भई सञ्चालनमा आएको
- सामाजिक सुरक्षा क्षेत्रमा व्यवस्थित नीतिको अभावलाई पूर्ति गर्न सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय प्रारुपको मस्यौदालाई तयार भएको ।
- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ५ बर्षे कार्ययोजना (२०१६—२०) बनाइएको । उक्त कार्ययोजनाका आधारमा बार्षिक अनुगमन तथा मूल्यांकन योजना २०७४/७५ तयार गरी कार्यान्वयन गरिएको ।
- दिगो विकास लक्ष्य (SDGs) का लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरुका आधारमा नेपालका लागि आबश्यक सूचकहरु, ती सूचकहरु मापन गर्ने सूचनाको स्रोत, खण्डीकृत सूचनाको तह, अनुगमन गर्ने समय र जिम्मेवार निकायहरु समेत एकिन गरी दिगो विकास लक्ष्यको सूचक तथा अनुगमनको फ्रेमवर्क तयार गरिएको
- राष्टिय गौरबका आयोजनाहरुको २०७३/७४ को अन्त्यसम्मको प्रगति समावेस गरी पुस्तिकाका रुपमा प्रकाशन गरिएको ।

# परिच्छेद — ५

## भावी कार्यदिशा

संघीय व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट विकासका कार्यक्रमहरु सञ्चालन हुन थालेको अवस्था र विगतका कार्यहरुको अनुभवलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोगले आगामी वर्षहरुमा देहाय बमोजिमको कार्यदिशा अंगिकार गर्नु उपयुक्त देखिन्छ । कतिपय यी कार्यहरुको थालनी समेत भइसकेको हुँदा समयमै सम्पन्न हुनेमा आशाबादी हुने अवस्था रहेको छ ।

१. संविधानको व्यवस्था अनुरुप मुलुकको योजना प्रणाली तथा संगठन संरचना हुनेगरी आयोगको पुन:संरचना गर्ने। यसै सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका योजना प्रकृया, संगठन र तहगत योजनाहरुवीचको अन्तरसम्बन्धको स्वरुप निर्धारण तथा क्षमता विकास गर्ने ।

२. संघीयता कार्यान्वयनका लागि नेपाल सरकारका मन्त्रालयहरुका वीच, केन्द्र र प्रदेश सरकारका वीच, प्रदेश प्रदेशबीच, प्रदेश र स्थानीय तहका बीच एवम् स्थानीय स्थानीयतह बीच आवश्यक नीतिगत समन्वय कायम गर्न योगदान गर्ने ।

३. नेपाललाई अल्प विकसित राष्ट्रहरुको समूहबाट स्तरोन्नति र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुर्‍याउने लक्ष्यका साथ तीव्र आर्थिक बृद्धि कायम गर्दै नेपालको समग्र विकास प्रयासलाई समन्वयात्मक रुपमा अघि बढाउन नेपाल दीर्घकालिन विकासको सोचपत्र तयार गर्ने र सो बमोजिमको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने ।

४. दीगो विकासको लक्ष्यहरु (SDGs) लाई पूर्ण कार्यान्वयनमा ल्याउन राष्ट्रिय आधारभूत प्रतिवेदन, विश्वव्यापी एवम् राष्ट्रिय सूचकहरु सहितको अनुगमन तथा मूल्याङ्कन खाका र सो को कार्यान्वयनका लागि लागत अनुमान सम्बन्धी दस्तावेजहरु तर्जुमा गरी कार्यान्वयनमा लैजाने ।

५. क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम/आयोजनाहरुको तर्जुमाका साथै अनुगमन तथा मूल्याङ्कनको कार्यलाई तथ्यमा आधारित बनाउन आवश्यक पूर्वाधार विकास, क्षमता अभिवृद्धि तथा केन्द्रीय तथ्याङ्क विभागलाई सुदृढिकरण गर्ने ।

६. आवधिक योजना र वार्षिक विकास कार्यक्रमबीच अन्तरसम्वन्ध स्थापित गर्नका निमित्त प्रभावकारी देखिएको मध्यकालीन खर्च संरचनालाई विगतको अनुभव समेतका आधारमा थप व्यवस्थित र सुदृढ गर्दै संस्थागत गर्ने। सबैतहका सरकारको मध्यमकालीन खर्चसंरचना तयार गर्ने जनशक्तिको क्षमता विकास र प्रणाली विकास गर्ने ।

७. संघीयतासहितको संविधान प्रारम्भ भएपछि विभिन्न तहगत सरकारहरुमा हुने योजनाहरुको छनौट

र योजना अनुगमन तथा मूल्याङ्कन प्रकृयालाई संस्थागत गर्ने सम्बन्धमा आवश्यक प्रणाली र क्षमता विकासको कार्य गर्ने ।

८. अर्थ मन्त्रालयसँगको सहकार्यमा आर्थिक सुधारका क्षेत्रहरुमा आवश्यक क्षेत्रगत नीति तथा योजना तर्जुमा र कार्यान्वयन विधिमा सहयोग गर्ने ।

९. राष्ट्रिय महत्वका समसामयिक विषयहरु रोजगारी सृजना, व्यापार घाटा, विप्रेषण आय, सामाजिक सुरक्षा, जलवायु परिवर्तन लगायत विषयमा अध्ययन अनुसन्धान गरी आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तर्जुमाका लागि सरकारलाई सल्लाह दिने ।

९. संघ, प्रदेश र स्थानीय सरकारले संचालन गरेका आयोजनाहरुको आवधिक मूल्यांकन गर्ने, पृष्ठपोषण उपलब्ध गराउने साथै आवश्यकताअनुसार राष्ट्रिय विकासका विभिन्न पक्षमा तेश्रो पक्ष मूल्यांकन गराउन विज्ञ संस्थाको रुपमा कार्य गर्ने ।

१०. योजना तथा विकाससँग सम्बन्धित मुद्दाहरु जस्तै विकासका लागि लगानी, अल्पविकसित राष्ट्रहरुको स्तरोन्नति, दीगो विकास लक्ष्यहरुको कार्यान्वयन, तथ्यमा आधारित नीति निर्माण आदि विषयहरुमा अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रतिनिधित्व गर्दै नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

११. नीति, अनुसन्धान तथा विकासका क्षेत्रमा विज्ञ संस्थाको रुपमा अन्तरसम्बन्धित विषयहरु- गरिवी निवारण, सामाजिक विकास, पर्यावरणीय संरक्षण, दिगो विकासको क्षेत्रमा काम गर्ने संस्थाहरुको राष्ट्रिय समन्वयकर्ता संस्थाको रुपमा काम गर्ने ।


१२. राष्ट्रिय अभियानहरु जस्तै गरिवी निवारण, सामाजिक विकास, पर्यावरण संरक्षण, एवम् राष्ट्रिय संरचनाहरु- लगानी बोर्ड, युवा स्वरोजगार कोष, गरिवी निवारण कोषका कार्यक्रमहरु राष्ट्रिय विकासको ढाँचा अनुरुप समसामयिक वनाउदै लैजान निर्देशित गर्ने ।

## अनुसूची -१

<u>राष्ट्रिय योजना आयोगको सचिवालयको संगठन स्वरुप</u>

२०७४/११/२८ को राजपत्रमा प्रकाशित राष्ट्रिय योजना आयोग गठन तथा कार्य सचालन आदेश २०७४ अनुसार देहाय अनुरुपको संगठन संरचना स्वीकृत गरिएको छ ।

### राष्ट्रिय योजना आयोगको संगठन तालिका



# राष्ट्रिय योजना आयोगको संगठन स्वरुप

**अध्यक्ष प्रधानमन्त्री**

**उपाध्यक्ष**

रा.प.तृतीय श्रेणी

**सदस्य** | **सदस्य** | **सदस्य** | **सचिव ( रा.प.विशिष्ट श्रेणी )** | **सदस्य** | **सदस्य** | **सदस्य**

## आर्थिकव्यवस्थापन महाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**अर्थ, कार्यक्रम तथा अन्तरसरकार समन्वय शाखा**
निर्देशक,रा.प.द्वितीय(प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.ततीय (प्र./साप्र.)-२

**आर्थिक विश्लेषण तथा योजनाशाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-१
तथ्याङ्क अधिकृत, रा तृतिय.प.(तथ्याङ्क)-१

**अन्तर्राष्ट्रिय सहयोग समन्वय शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

## पूर्वाधार तथा उत्पादन महाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**भौतिकपूर्वाधार तथा सहरी विकास शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**कृषि, जलश्रोत तथा वातावरण शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**सार्वजिनिक निजी साझेदारी शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

## अनुसन्धान तथामूल्याङ्कनमहाशाखा
सहसचिव, रा.प.प्रथम श्रेणी (प्रशासन)

**नतिजा व्यवस्थापन तथा मूल्यांकन शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**दीगो विकास लक्ष्य अनुगमनशाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२

**अनुगमन तथा सूचना व्यवस्थापन**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)-२
तथ्याङ्क अधिकृत, रा.प.तृतीय (तथ्याङ्क)-१

## सुशासन तथा सामाजिक विकास महाशाखा
सहसचिव रा.प.प्रथम श्रेणी (प्रशासन)

**स्वास्थ्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकशाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत,रा.प.तृतीय(प्र./साप्र.)-२

**सुशासन, शिक्षा, युवा तथा खेलकुद शाखा**
निर्देशक, रा.प.द्वितीय प्र./साप्र.)-१,
योजना अधिकृत रा.प.तृतीय (प्र./साप्र.)-२

**प्रशासन तथा विपद् व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वितीय (प्र./साप्र.)-१,
योजना अधिकृत, रा.प.तृतीय (प्र./साप्र.)- छ
कानून अधिकृत, रा.प.तृतीय (कानून) -१,
कम्प्युटरअधिकृत, रा.प.तृतीय (विविध) -२,
पुस्तकालयअधिकृत, रा.प.तृतीय (शिक्षा, पु.)-१,
नायव सुव्वा, रा.प.अन. प्रथम (प्र./साप्र.)१-६,
पुस्तकालय सहायक,रा.प.अन. प्रथम, (शिक्षा, पु.)-१,
कम्प्युटरअपरेटर, रा.प.अन. प्रथम (विविध)-६,
कार्यालय सहायक(श्रेणिविहिन)२ -१,

**आर्थिक प्रशासन शाखा**
निर्देशक,रा द्वितिय.प.(प्रशासन/लेखा)-१,
लेखा अधिकृत, रा.प.तृतीय (प्रशासन/लेखा)ज्ञ-
लेखापाल, रा.प.अन. प्रथम (प्रशासन/लेखा)-१,

# दरवन्दी तालिका

रायोआको स्वीकृत कर्मचारी दरवन्दी संख्या १०५ जना

स्थायी कर्मचारी दरवन्दी संख्या १०५ जना

करार सेवाका कर्मचारी संख्या ४० जना

| सि . .न | पद नाम | श्रेणी | सेवा | समुह/उपसमुह | मौजुदा दरवन्दी | थप | घट | खुद दरवन्दी | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ठ | प्रशासन | | १ | ० | ० | १ | |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | ६ | ० | २ | ४ | |
| ३. | कार्यक्रम निर्देशक | रा.प.द्वितीय | प्रशासन | | २० | ० | ८ | १२ | |
| ४. | उप सचिव कानुन | रा.प.द्वितीय | न्याय | | १ | ० | १ | ० | |
| ५. | उप सचिव लेखा | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ६. | सर्भे अधिकृत | रा.प.द्वितीय | इन्जिनियरिङ् | सर्भे | १ | ० | १ | ० | |
| ७. | योजना अधिकृत | रा.प.तृतीय | प्रशासन | सासनप्रशा . | ४१ | ० | १५ | २६ | |
| ८. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ | ० | १ | १ | |
| ९. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने.त .यो .आ . | तथ्याङ्क | १ | १ | ० | २ | |
| १०. | कार्टोग्राफर | रा.प.तृतीय | विविध | | १ | ० | १ | ० | |
| ११. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | ४ | ० | २ | २ | |
| १२. | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय विज्ञान | १ | ० | ० | १ | |
| १३. | आर्टिष्ट अधिकृत | रा.प.तृतीय | विविध | | १ | ० | १ | ० | |
| १४. | नायब सुब्बा | रा.प.अ. प्रथम | प्रशासन | साप्रशासन . | १४ | २ | ० | १६ | |
| १५. | नायब सुब्बा | रा.प.अ. प्रथम | न्याय | कानून | १ | ० | १ | ० | |
| १६. | पुस्तकालय सहायक ना.सु. | रा.प.अ. प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | ० | ० | १ | |
| १७. | लेखापाल | रा.प.अ. प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| १८. | टाइपिष्ट ना.सु. | बेग अनुसार | प्रशासन | साप्रशासन . | ६ | ० | ६ | ० | |
| १९. | कम्प्युटर अपरेटर | रा.प.अ. प्रथम | विविध | | ८ | ० | २ | ६ | |
| २०. | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | साप्रशासन . | ७ | ० | ७ | ० | |
| २१. | सह लेखापल | रा.प.अ.द्वितीय | प्रशासन | लेखा | १ | ० | १ | ० | |
| २२. | टाइपिष्ट | रा.प.अ.द्वितीय | प्रशासन | साप्रशासन . | १ | 0 | १ | 0 | |
| २३. | ह.चा.स. | श्रेणी विहीन | इन्जिनियरिङ् | जनरल मेकानिक्स | १४ | ० | ० | १४ | |
| २४. | कार्यलय सहयोगी | श्रेणी विहीन | प्रशासन | | २६ | ० | १० | १६ | |
| स्थायी दरबन्दी जम्मा | | | | | १६१ | ४ | ६० | १०५ | |

# अनुसूची - २

## आयोगका महत्वपुर्ण निर्णयहरु

<u>मिति २०७४/०४/१५</u>

- स्थानीय तहका नवनिर्वाचित प्रतिनिधिहरुका लागि संचालन गरिने तालिम कार्यक्रमलाई बढी भन्दा बढी उपयोगी एवम् फलदायी बनाउन बैठकमा प्राप्त सुझाव तथा विषयवस्तुहरुलाई समेटी अवधारणा पत्रमा प्रस्तुत गरिएझैं विशेषज्ञ समेतको सेवा लिई स्पष्ट कार्ययोजना सहित संचालन गर्ने। तालिम कार्यक्रमको संयोजन यसै कार्यदलबाट गरी सोको प्रगति नियमितरुपमा आयोगलाई उपलब्ध गराउने।

- स्थानीय तहका नव निर्वाचित पदाधिकारी तथा त्यहाँ खटिएका कर्मचारीहरुको तालिम सम्बन्धी आवश्यकताको पहिचान र तालिममा समावेश गर्नुपर्ने विषयवस्तुका सम्बन्धमा सचिवालयका कर्मचारीहरुलाई केही जिल्लामा खटाई सुझाव संकलन गर्ने ।

- स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको सार्वजनिक अन्तर्क्रिया कार्यक्रमका लागि आयोगबाटै एकीकृत निर्देशिका तयार गर्ने । यस्तो निर्देशिकाको मस्यौदा कृषि, वन तथा स्थानीय विकास महाशाखाले दुई महिनाभित्र तयार गर्ने ।

<u>मिति २०७४/०४/२२</u>

- संघीय संरचना अनुकूल हुनेगरी तीनै तहका सरकारका योजना प्रक्रिया र तहगत योजनाहरुवीचको अन्तरसम्बन्धको स्वरुप निर्धारण गर्ने । साथै, विगतमा भएका कार्यहरुलाई संश्लेषण गर्दै योजना आयोग तथा आयोगको सचिवालयको पुनःसंरचना तीन महिनाभित्र टुंग्याउने ।

- नेपाललाई अल्पविकसित राष्ट्रहरुको समूहबाट स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको स्तरमा पुर्‍याउने गरी सहभागितामूलक हिसाबले दीर्घकालीन विकासको सोच तथा योजना २०७४ मार्ग मसान्तभित्र मस्यौदा गर्ने ।

- मुलुकको आर्थिक सम्बृद्धिका निमित्त आबश्यक पर्ने रणनीतिक पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जनाका लागि नीतिगत, कानुनी तथा अन्य आर्थिक सुधारका कार्यक्रमहरु शीघ्र अगाडि बढाउने ।

<u>मिति २०७४/०४/२३</u>

- आयोगका माननीय उपाध्यक्षज्यूबाट राष्ट्रिय योजना आयोगका कृयाकलापहरुलाई प्रभावकारी बनाउन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष प्रस्तुत गर्नुभएको सुधारका क्षेत्रहरु, सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपाध्यक्षलाई प्राप्त प्रत्यायोजित अधिकार एवम् निर्देशन र सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न भारत भ्रमणका बारेमा माननीय उपाध्यक्षज्यूले आयोगलाई जानकारी गराउनु भयो ।

- केन्द्रीय तथ्याङ्क विभाग र राष्ट्रिय विकास स्वंयसेवक सेवाको तत्काल सुधार कार्ययोजनाको मस्यौदा आयोगको आगामी बैठकमा पेश गर्न लगाउने ।

- २०७४ भाद्र महिनामा हुने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान उपसमिति तथा समितिका बैठकहरुको तयारीका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुखबाट आयोगलाई जानकारी गराइयो । मन्त्रालयस्तरका विकास समस्या समाधान समितिका बैठकहरुमा गृहकार्य सहित सहभागी हुन र राष्ट्रिय विकास समस्या समाधान उपसमिति तथा समितिका बैठकहरुमा सबै माननीय सदस्यहरु अनिवार्यरुपमा सहभागी हुने ।

- कृषि, वन तथा स्थानीय महाशाखाबाट पेश हुन आएको खाद्य हरियाली शहर सम्बन्धी निर्देशिका/कार्यविधिलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृतिका लागि प्रस्तुत गर्न सहरी विकास मन्त्रालयमा पठाउने। उक्त निर्देशिका/कार्यविधि मन्त्रिपरिषद्‌बाट पारित भएपछि स्थानीय तहसँग आवश्यक समन्वय गरी सहरी विकास मन्त्रालयमार्फत कार्यान्वयनमा लैजाने।

- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधिको प्रयोजनका निम्ति आयोजनागत रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो भनी सिफारिस गर्नुको सट्टा निजी प्रवर्द्धकका साथै नेपाल सरकारबाट भएका जलविद्युत विकाससँग सम्बन्धित सबै उत्पादन, प्रशारण तथा वितरण आयोजनाहरुलाई एकमुष्ठ रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भित्र पर्ने भनी उर्जा एवम् वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाउने ।

- लगानी बोर्डको कार्यालयबाट प्राप्त आयोजना बैंक तथा प्रोजेक्ट आइडिया नोटमा भएका आयोजनाहरुको बारेमा आयोगको राय पठाउँदा चौधौं योजना, सम्बन्धित विषय क्षेत्रगत नीति तथा कार्यक्रम र राष्ट्रिय आवश्यकता एवम् प्राथमिकतालाई आधार लिने ।

<u>**मिति २०७४/०५/०५**</u>

- नेपाल सरकारको राष्ट्रिय विकासका नीति तथा कार्यक्रमका साथै अन्तर्राष्ट्रियस्तरका विकाससँग सम्बन्धित संलग्नता तथा प्रतिवद्धतासम्बन्धी सूचना तथा तथ्याङ्कहरू नवीनतम सूचना प्रविधिको प्रयोग गरी केन्द्रीय भण्डार (Repository) त्यसलाई प्रयोगकर्तामैत्री बनाउन नवीनतम सोच, सृजनात्मक अवधारणा र सुधारात्मक कार्यसम्बन्धी विज्ञता भएका विभिन्न संघ संस्था वा व्यक्तिहरूबाट प्राप्त हुने प्रस्तावका लागि आयोगले प्रोत्साहन र विकास गर्न लगाउने,

<u>**मिति २०७४/०५/१५**</u>

- नेपालमा आगामी पाँच वर्षका लागि संयुक्त राष्ट्रसंघमार्फत हुने विकास सहायता सम्बन्धमा विकास रणनीतिलाई निर्देशित गर्ने संरचनासम्बन्धी नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच गरिने संयुक्त राष्ट्र संघीय विकास सहयोग रूपरेखा २०१८-२०२२ का विषयवस्तुहरूउपर विस्तृत छलफल गरियो ।

उक्त दस्तावेजमा राष्ट्रिय योजना आयोगको तर्फबाट आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले हस्ताक्षर गर्नेगरी स्वीकृति प्रदान गरियो ।

- राष्ट्रिय योजना आयोगको सुधारसम्बन्धी विषयहरू तथा दीर्घकालीन सोच एवम् दिगो विकासको लक्ष्यसम्बन्धी आधारभूत प्रतिवेदन मस्यौदालगायतका विषयहरूमा अन्तर्क्रियात्मक छलफल गर्न आयोगका पदाधिकारीहरू, सचिवालयका महाशाखा प्रमुख, शाखा प्रमुखहरू एवम् विज्ञहरूसहितको मिति २०७४/०५/१९ र २० गते दुईदिने आवासीय कार्यशाला आयोजना गर्ने ।

**मिति २०७४/०५/१९**

- राष्ट्रिय विकास समस्या समाधान समितिको ४०औं बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयवस्तुहरूउपर विस्तृत छलफल गरी स्वीकृति प्रदान गरियो ।

**मिति २०७४/०५/२६**

- राष्ट्रिय योजना आयोगको पुनर्गठन सम्बन्धमा तयार भएको **"राष्ट्रिय नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७४"** बारे विस्तृत छलफल गरियो । उक्त गठन तथा कार्य सञ्चालन आदेश स्वीकृतिको प्रकृया अघि बढाउने।

- राष्ट्रिय स्वयंसेवक सेवालाई व्यवस्थितरूपमा सञ्चालन गर्नका लागि तयार गरिएको **"स्वयंसेवक परिचालन कार्यविधि, २०७४"** स्वीकृत गर्ने।

**मिति २०७४/०५/२७**

- भौतिक पूर्वाधार महाशाखाबाट पेश हुन आएको 'Optimal Distributed Generation resource placement planning with Grid interconnection considering energy access to all with participation of Local Level Governments' विषयक अध्ययन कार्यका लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) स्वीकृत गर्ने । स्वीकृत कार्य क्षेत्रगत शर्तका आधारमा अध्ययन कार्य अघि बढाउने ।

- उद्योग, पर्यटन तथा प्रशासन महाशाखाबाट पेश हुन आएको परिमार्जनसहितको **"आयोजनाको राष्ट्रिय प्राथमिकता निर्धारणसम्बन्धी आधार, २०७४"** स्वीकृत गर्ने ।

- आगामी सन् २०३० सम्मको दीर्घकालीन सोच (Vision) तर्जुमाका सम्बन्धमा तयार भएको "Nepal 2030: Organizing Framework" का आधारमा माननीय उपाध्यक्षज्यूको नेतृत्वमा प्रारम्भिक लेखनको कार्य अघि बढाउने ।

**मिति २०७४/०६/०२**

- भौतिक पूर्वाधार महाशाखाबाट पेश हुन आएको "GIS for Decentralised Planning and Decision Support in Nepal" विषयक कार्यका लागि भौतिक पूर्वाधार हेर्नुहुने माननीय सदस्यको संयोजकत्वमा

केन्द्रीय तथ्याङ्क विभाग, नापी विभाग, भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकहरु, अन्य सरोकारवाला मन्त्रालयबाट सहसचिवस्तरको प्रतिनिधि, ICIMOD का प्रतिनिधि सदस्य र भौतिक पूर्वाधार महाशाखाका सहसचिव सदस्यसचिव रहने गरी एक निर्देशक समिति गठन गर्ने ।

- सन् २००८ देखि सार्क सदस्य राष्ट्रहरुको सहभागितामा प्रत्येक वर्ष आयोजना हुँदै आएको क्षेत्रीय विकास, आर्थिक एकीकरण तथा सहयोगका सम्भावनाहरुलाई अभिवृद्धि गर्ने साझा मञ्चका रुपमा रहेको दक्षिण एसिया आर्थिक सम्मेलन (South Asia Economic Summit – SAES) को दशौं संस्करण काठमाडौंमा १४-१६ नभेम्बर, २०१७ मा राष्ट्रिय योजना आयोगले आयोजना गर्ने ।

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहकार्यमा केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको नेपाल स्ट्याण्डर्ड्स् जियो कोडिंग (Nepal Standards Geo-Coding) स्वीकृत गर्ने ।

**मिति २०७४/०६/०९**

- आयोगको मिति २०७४।०४।२२ को निर्णयाअनुसार आयोगबाट निर्धारित तत्काल सुधारसम्बन्धी कार्यहरूका सम्बन्धमा हालसम्म भएको प्रगतिको समीक्षा गरियो । उक्त कार्यहरू निर्दिष्ट समयभित्र सम्पन्न गर्न सम्बन्धित पदाधिकारी तथा सचिवालयलाई निर्देशन दिने ।

**मिति २०७४/०६/२३**

- कृषि, वन तथा स्थानीय विकास महाशाखाबाट पेश हुन आएको “दीगो सहरी विकास सूचकाङ्क मापन सम्बन्धी निर्देशिका र कार्यविधि तर्जुमा तथा कुनै एक स्थानीय तहको दीगो विकास सूचकाङ्क मापन” विषयक परामर्श कार्यका लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) बमोजिम अध्ययन कार्य अघि बढाउने ।

- दक्षिण एसिया आर्थिक सम्मेलन (South Asia Economic Summit – SAES) को दशौं सम्मेलनका सहभागीहरुमध्ये मन्त्रीस्तरका प्रतिनिधिहरुलाई वाणिज्य मन्त्रालयबाट, सरकारी प्रतिनिधिहरुलाई राष्ट्रिय योजना आयोगको सचिवालयबाट र गैरसरकारी, नागरिक समाज तथा निजी क्षेत्रका प्रतिनिधिहरुलाई South Asia Watch on Trade, Economic and Environment (SAWTEE) बाट निमन्त्रणा पत्र पठाउने । साथै, सम्मेलनमा सहभागीहुने विदेशी प्रतिनिधिहरुको भ्रमण खर्चका सम्बन्धमा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ बमोजिम खर्च व्यवस्थापन गर्ने ।

**मिति २०७४/०६/३०**

- श्रम तथा रोजगार मन्त्रालयबाट पेश हुन आएको राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति,२०७३ मा देहाय वमोजिम परिमार्जन गरी स्वीकृति प्रक्रिया अघि बढाउन उक्त मन्त्रालयमा पठाउने ।

  (क) नीतिको लेखनको ढाँचालाई परिमार्जन गरी निरीक्षण, कानूनी सुधार, क्षमता अभिबृद्धि र सहकार्य तथा समन्वय गरी चार वटा रणनीतिहरु अन्तर्गत कार्यनीतिहरुलाई समायोजन गर्ने ।

(ख) नीतिमा बिभिन्न संगठनात्मक संरचनाहरुको प्रस्ताव गरिएको सन्दर्भमा यसलाई संस्थागत व्यबस्थासम्बन्धी छुट्टै शीर्षक भित्र राख्ने ।

(ग) नीति कार्यान्वयन गर्दा लाग्ने खर्चको अनुमान गरी कार्यान्वयनयोग्य बनाउने ।

(घ) नीतिको भाषा तथा प्रस्तुतिको सम्पादन तथा सुधार गर्ने ।

- श्रम तथा रोजगार मन्त्रालयबाट पेश हुन आएको बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना,२०७४-८४ मा देहाय वमोजिम परिमार्जन गरी स्वीकृति प्रक्रिया अघि बढाउन उक्त मन्त्रालयमा लेखी पठाउने।

(क) प्रस्तावित दस्तावेजलाई "गुरुयोजना" को सट्टा "रणनीतिक योजना" को रुपमा तर्जुमा गर्ने ।

(ख) उद्देश्य र रणनीतिका वीचमा अन्तरसम्बन्ध स्थापित गर्न तिनको पुनरावलोकन गर्ने ।

(ग) लक्षित समूह अन्तर्गत "बालसैनिक वा प्रहरी" समावेश भएको देखिएकाले सोलाई हटाउने।

(घ) आबश्यक पर्ने बजेटको प्रक्षेपण गर्दा वार्षिक अनुमानका साथै मुद्रास्फितिलाई समेत आधार मान्ने ।

(ङ) सूचकहरुको पुनरावलोकन सहित नतिजा खाकालाई परिमार्जन गर्ने ।

(च) भाषा तथा प्रस्तुतिको सम्पादन एवं सुधार गर्ने ।

<u>मिति २०७४/०७/०७</u>

- कृषि, वन तथा स्थानीय विकास महाशाखाबाट पेश हुन आएको सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना सम्बन्धी अवधारणा पत्र (Concept Note) सम्बन्धमा उक्त केन्द्र स्थापनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि सोही महाशाखाका सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी एक कार्यदल गठन गर्ने । उक्त कार्यदलले सो प्रतिवेदन कार्तिक महिना भित्रमा तयार गरी आयोग समक्ष पेश गर्ने ।

- उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका सदस्य तथा राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका संयोजक एवम् राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. गीताभक्त जोशीले प्रस्तुत गर्नु भएको वहुक्षेत्रीय पोषण योजना II (२०७५/७६ – २०७९/८०) सम्बन्धमा बैठकमा प्राप्त उपयुक्त सुझावहरुलाई समावेश गर्ने गरी अनुमोदन गर्ने । साथै, वहुक्षेत्रीय पोषण योजना II (२०७५/७६ – २०७९/८०) को परिमार्जित दस्तावेजलाई नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने ।

- राष्ट्रिय योजना आयोगबाट तयार गरिएको "एकिकृत सहरी विकास मापदण्ड" लाई एकीकृत सहरी विकास कार्यान्वयनको सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न छपाई गरी स्थानीय तह लगायत सबै सरोकारवाला निकायमा पठाउने ।

**मिति २०७४/०७/०७**

- आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत भएको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) तर्जुमाका लागि तयार गरिएको ढाँचा, आयोजना प्राथमिकताका आधारहरु तथा आयोजना प्राथमिकीकरण सम्बन्धी मूल्याङ्कन फाराममा सम्बन्धमा बैठकमा प्राप्त सुझावहरुलाई समेत समावेश गरी परिमार्जनसहितको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्य अघि बढाउने ।

**मिति २०७४/०८/०६**

- आ.ब. २०७५/७६ को संघीय वार्षिक कार्यक्रमको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) को निर्देशक समितिको निर्णय तथा सो को तयारी सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट तयार गरिएको कार्ययोजना बैठकमा जानकारी गराइयो। साथै, आगामी आ.ब. को संघीय वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य प्रभावकारीरुपमा अगाडी बढाउने ।

- मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) तयार गर्ने सन्दर्भमा लक्ष्यहरु निर्धारण गर्दा चालु योजनाको नतिजा खाका आ.ब. २०७५/७६ सम्मको लागि मात्र भएको हुँदा बाँकी दुई वर्षको अवधिका लागि आवश्यक नतिजा सूचकको सम्बन्धमा हाल तयार भैरहेको दीगो विकास लक्ष्यको मध्यमकालिन लक्ष्यहरुलाई आधार मानी निर्धारण गर्ने ।

- प्रदेश, जिल्ला तथा स्थानीय तह समेटीने गरी केन्द्रीय तथ्याङ्क विभागबाट तयार गरिएको जियो कोडिङ (Geo Coding) अनुमोदन गर्ने। यस जियो कोडिङलाई सबै तहमा कार्यान्वयनमा लैजाने व्यवस्थाका लागि केन्द्रीय तथ्याङ्क विभागलाई निर्देशन दिने।

**मिति २०७४/०९/०३**

- नेपालमा पहिलोपटक गर्न लागिएको राष्ट्रिय आर्थिक गणनाको लागि तथ्याङ्क ऐन, २०१५ को दफा ४ बमोजिम नेपाल राजपत्रमा सूचित आदेश जारी गर्न केन्द्रीय तथ्याङ्क विभागबाट पेश हुन आएको **"राष्ट्रिय आर्थिक गणना, २०७५ को आदेश"** को मस्यौदालाई नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि अघि बढाउन स्वीकृति प्रदान गर्ने ।
- राष्ट्रिय योजना आयोगले अक्सफोर्ड यूनिभर्सिटीसँगको सहकार्यमा प्रदेशहरु समेतको बहुआयामिक गरिबी सूचक (Multidimensional Poverty Index) पहिचान हुने गरी तयार गरेको "नेपाल बहुआयामिक गरिबी प्रतिवेदन, २०१८" (Nepal Multidimensional Poverty Report, 2018) का बारेमा आयोगलाई जानकारी गराइयो र उक्त प्रतिवेदनको सार्वजनिकीकरण यही पौष ५ मा गर्ने ।
- आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको ४१औं बैठक तयारीका सम्बन्धमा उक्त बैठक बस्नु अघिका उपसमितिहरुको बैठक अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट तयार गरिएको कार्ययोजना अनुसार अघि बढाउने।

- नेपाल सरकार, मन्त्रिपरिषद् बाट मिति २०७४।०८।१ मा स्वीकृत "बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०१८-२०२२)" सम्बन्धमा सम्बन्धित माननीय सदस्य प्रा.डा.गीताभक्त जोशीबाट आयोगलाई जानकारी गराइयो ।

**मिति २०७४/०९/१८**

- राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ को दफा १५ (१) को (क) र (ख) लाई देहाय बमोजिम संशोधन गर्ने:

  (क) राष्ट्रिय विकास स्वयंसेवक सेवामा प्राप्त आवेदनहरुलाई सम्वन्धित विषयक्षेत्रको सम्वन्धित पदका उम्मेदवारहरुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशतको योग्यताक्रमका आधारमा गरिनेछ । कुनै विशेष विषयक्षेत्र र विज्ञता भएको जनशक्ति छनौट गर्न अन्तरवार्ता लगायतका अन्य विधि अवलम्वन गर्न उपयुक्त देखिएमा कार्यकारी समितिको निर्णयबाट गर्न सकिनेछ ।
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ को दफा १५ (१) को (ग) लाई देहाय बमोजिम संशोधन गर्ने:

  (ख) स्वयंसेवक छनौटमा समावेशीप्रावधानको अवलम्वनसामाजिक समूह, भौगोलिक क्षेत्र र अपाङ्गताकाआधारमागरिने छ । समावेशिताको भारको गणना निजामति सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४ को दफा (७) को उपदफा (७) मा भएको व्यवस्था बमोजिम गरिनेछ ।
- संघीयताको कार्यान्वयनसँगै केन्द्रीय सरकारले गरिरहेका कामहरु प्रादेशिक सरकार र स्थानीय सरकारमा स्थानान्तरण हुँदै जाने क्रममा राष्ट्रिय योजना आयोगद्वारा संचालित राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमलाई कसरी संचालन गर्न आवश्यक छ भन्ने सम्बन्धमा देहायको कार्यशर्तसहित २१ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहायबमोजिम कार्यदल गणन गर्ने ।

  समिति

  १. माननीय सदस्य डा. अरविन्दकुमार मिश्र - संयोजक
  २. डा. तीर्थराज ढकाल, सहसचिव - सदस्य
  ३. श्री विजुकुमार श्रेष्ठ, सहसचिव - सदस्य
  ४. श्री शिवराज चौलागाई, निर्देशक - सदस्य सचिव

## समितिको कार्यशर्त

क) विद्यमान राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमलाई संघीय शासकीय व्यवस्थाअनुरुप प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पर्ने सांगठनिक स्वरुप, सञ्चालन विधि र काम, कर्तव्य तथा जिम्मेवारीहरु,

ख) राष्ट्रिय स्वयंसेवक सेवा कार्यक्रमका सम्बन्धमा केन्द्र, प्रदेश तथा स्थानीय तहबाट गर्नुपर्ने कार्य, विषयक्षेत्र र ढाँचा,

ग) विभिन्न भौगोलिक तथा विषयक्षेत्रमा आवश्यक जनशक्ति र विज्ञताको खाँचो पुरा गर्नसक्ने नयाँ किसिमका स्वयंसेवक सेवा कार्यक्रमहरु (New Volunteer Schemes) तथा तिनको परिचालन विधि एवम् स्वरुप,

घ) राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रमलाई सरकारका अन्य तहमा स्थानान्तरण गर्न आवश्यक देखिएका विषयक्षेत्र, विशेषज्ञता एवं जनशक्ति परिचालन विधि ।

ङ) राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रमलाई अझ प्रभावकारी ढंगमा सञ्चालन गर्न कार्यदलले आवश्यक ठानेका अन्य विषयहरु ।

<u>मिति २०७४/०९/३०</u>

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल (SIA) सम्बन्धी प्रस्तुतिकरण र छलफल भयो । आयोग समक्ष एक हप्तापछि निर्माण ढाँचासम्बन्धी प्राविधिक प्रस्तुतिकरण (Technical Presentation on Modality) गर्ने तथा उक्त प्रस्तुतिकरणमा विषय क्षेत्रका विज्ञहरुलाई समेत आमन्त्रण गर्ने ।
- राष्ट्रिय विकास समस्या समाधान समितिको ४१औं बैठकको निर्णय कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट तयार गरिएको सम्बन्धित क्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूको नेतृत्वमा जिम्मेवार महाशाखासमेत उल्लेख भएको कार्ययोजना कार्यान्वयनमा लैजाने ।
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को बुँदा नं. १७ को तथ्याङ्क कार्यालय सम्बन्धी व्यवस्थाका सम्बन्धमा राष्ट्रिय तथ्याङ्कीय कार्यप्रणालीका लागि हाल जिल्लास्तरमा रहेका तथ्याङ्क कार्यालयहरु केन्द्रीय तहकै अङ्गका रुपमा रहनुपर्ने भएको हुँदा सोही अनुसार व्यवस्था गर्न केन्द्रीय तथ्याङ्क विभागले कार्य प्रकृया अघि बढाउने ।
- नेपाल भौगर्भिक समाज (Nepal Geological Society) ले आयोजना गरेको ११औं एशिया क्षेत्रिय सम्मेलन (11th Asian Regional Conference) मा राष्ट्रिय योजना आयोगले सह-आयोजकको रुपमा सहभागिता जनाउने र उक्त सम्मेलन आयोजनाको क्रममा हुने खर्च मध्ये Abstract Volume तथा Conference Proceeding प्रकाशन र एक दिनको सम्मेलन हलको भाडा गरी जम्मा रु. ९,८१,७२४/- सचिवालयको विविध कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने ।
- मध्यमकालीन खर्च संरचना तयारी तथा आ.ब. २०७५/७६ को बार्षिक बजेट तयारीका सिलसिलामा यस पूर्व स्वीकृत कार्यतालिका अनुसार कार्यप्रकृया यथासिघ्र अघि बढाउन महाशाखाहरुलाई निर्देशन दिने ।

<u>मिति २०७४/१०/०७</u>

- संस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालयबाट दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (Second International Airport-SIA) को निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा माननीय मन्त्रीज्यूको निर्णयानुसार गठित SIA Modality सिफारिस समितिले तयार गरेको प्रतिवेदनका आधारमा Engineering Procurement, Construction and Financing (with or without GoN Financing) अन्तर्गत निर्माण तथा सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीको Operation-PPP मोडालिटी चयन गर्न नेपाल सरकारलाई सुझाव दिएको सन्दर्भमा मन्त्रालयबाट आयोगको राय/सुझाव उपलब्ध गराइदिन अनुरोध भई आएको विषयमा देहाय अनुसारको सुझाव पठाउने ।

  (क) राष्ट्रिय गौरवका आयोजनाहरु समयमै शुरु गरी तोकिएको लागत र समयमा नै सम्पन्न गराउने सम्बन्धमा यस आयोगको सदैव ध्यानाकृष्ट भइरहेको छ । प्रस्तुत आयोजनाको सम्बन्धमा समेत विस्तृत सम्भाव्यता अध्ययन गर्ने कोरियाली कम्पनीसँग भएको सम्झौता

अनुरुप नेपाल सरकारले बेहोर्नुपर्ने दायित्व बढ्दै जाने भएकोले राष्ट्रिय विकास समस्या समाधान समितिको ३९औं र ४०औं बैठकको निर्णय अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस विषयलाई यथाशिघ्र टुङगाउनु पर्ने ।

(ख) यस आयोगले मिति २०६४।०९।८ मा नै आयोजना अघि बढाउन निर्णय गरी पठाइसकेको व्यहोरा अवगत नै छ । यस आयोगले सुझावसम्म दिने प्रयोजनका लागि ताहाँबाट विमानस्थलको निर्माणका लागि प्रस्तावित विकल्पमध्ये नेपाल सरकारको समेत लगानी हुने गरी प्रतिस्पर्धात्मक विधि अपनाई Engineering Procurement and Construction (EPC) मोडलमा अघि बढाउन उपयुक्त हुने।

(ग) विमानस्थल निर्माण भएपछि संचालनका लागि प्रतिष्पर्धात्मक आधारमा विश्वसनीय अन्तर्राष्ट्रिय तथा स्वदेशी निजी लगानी सहितको सार्वजनिक निजी साझेदारी (PPP) मोडल अपनाउन उपयुक्त हुने ।

**मिति २०७४/११/०६**

- माननीय उपाध्यक्ष डा स्वर्णिम वाग्लेले आयोगबाट विगत ६ महिनामा भए गरेका कार्यहरूको बारेमा संक्षिप्त प्रगति प्रस्तुत गर्नु भयो ।
- राष्ट्रिय योजना आयोगको मिति २०७५/०५/२७ को निर्णयबमोजिम माननीय उपाध्यक्ष डा स्वर्णिम वाग्लेको नेतृत्वमा मस्यौदा भएको Envisioning Nepal, 2030: Contributions to a Policy Framework आयोगमा प्रस्तुत गरियो ।
- संघीय संरचनामा राष्ट्रिय विकास स्वयमसेवक सेवासम्बन्धी प्रतिवेदन आयोगमा प्रस्तुत गरियो ।
- Universilizing Clean Energy in Nepal: A Plan for Sustainable Distributed Generation and Grid Access for All (SUDIGGAA) by 2022 को मस्यौदा आयोगमा पेश गरियो । थप राय सुझाब समेटी प्रकाशनको प्रक्रियामा लैजाने निर्णय गरियो ।
- Nepal's Sustainable Development Goals: Status and Roadmap, 2016-2030 लाई सार्वजनिक गर्ने निर्णय गरियो ।

**२०७५/०१/२० को निर्णय**

- राष्ट्रिय विकास समस्या समाधान समितिको ४२ औ बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयबस्तुलाई अन्तिम रूप दिने ।

**२०७५/०१/२५ को निर्णय**

- राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ बमोजिमको कार्य सम्पादन गर्नकालागि आयोगको भावी कार्यदिशा र संगठन तथा दरवन्दीको पुन:संरचनाका सम्बन्धमा प्रस्तुत राष्ट्रिय योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,२०७५ लाई बैठकमा प्राप्त सुझावहरूसहित अनुमोदन गर्ने । साथै, उक्त प्रतिवेदन स्वीकृतिकालागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

**२०७५/०२/०७ को निर्णय**

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (१) अनुसार नेपाल सरकारले राजस्व र व्ययको अनुमानसाथ सोही ऐनको दफा १७ बमोजिमको मध्यमकालीन खर्च

संरचना पनि संसदमा प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकोले संलग्न ढाँचाबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्ने ।

- आयोगको तर्फबाट सालबसाली रूपमा तयार गरी संसदमा प्रस्तुत हुँदैआएको वार्षिक विकास कार्यक्रम आर्थिक वर्ष २०७५/७६ को लागि पनि तयार गरी प्रस्तुत गर्ने ।
- आयोगले वार्षिक कार्यक्रम/आयोजनालाई P1,P2 र P3 गरी तीन किसिमबाट प्राथमिकीकरण गर्दै आएकोमा आगामी आर्थिक वर्षको लागि P1 र P2 गरी दुई किसिमबाट मात्र वर्गीकरण गर्ने ।यसको लागि पछि आयोगले निर्धारण गरेको योग्यता अनुसार कार्यक्रम/आयोजनाको वर्गीकरण हुनेगरी हाललाई सबै P3 का कार्यक्रम/आयोजनालाई P2 मा समावेश गर्ने ।
- आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ कोलागि नतिजा सूचक र लक्ष्य निर्धारण गर्दा चौधौं योजना, दिगो विकास लक्ष्यहरूको मार्गचित्र (२०१६-२०३०) र विषय क्षेत्रगत गरुयोजना, रणनीतिक योजना वा कार्यक्रमहरूमा पहिले नै निर्दिष्ट गरिएका लक्ष्यहरूलाई आधार मानेर मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तयार गर्ने ।
- आगामी आर्थिक वर्षको बजेट बक्तव्यमा समावेश गर्नुपर्ने आर्थिक, सामाजिक, पूर्वाधार विकास एवम् समसामयिक विषयबस्तुका बारेमा छलफल गरियो ।

**<u>२०७५/०२/२० को निर्णय</u>**

- माननीय उपाध्यक्ष तथा सदस्यहरूबाट आ-आफ्नो जिम्मेवारी तोकिएको विषयक्षेत्रसँग सम्बन्धित निकायहरूबाट ब्रिफिङ लिइरहनुभएको विषय बैठकमा जानकारी प्राप्त भयो । यस कार्यलाई सम्बद्ध निकायहरूबाट लिनेगरी निरन्तरता दिने ।
- राष्ट्रिय विकास समस्या समाधान समितिको ४२ औ बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयबस्तुलाई अन्तिम रूप दिइयो।

**<u>२०७५/०३/०४ को निर्णय</u>**

- राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूबाट समितिको मिति २०७५ जेठ २१ गते बसेको ४२औ बैठकलाई निर्देशन दिने क्रममा विषयगत मन्त्रालयको आफ्नो कार्यक्षेत्रसम्बन्धी विषयहरूमा प्रोफाइल गर्ने र मन्त्रालयसँग सम्बन्धित क्षेत्रहरूमा नीतिगत, प्रक्रियागत एवम् बिहंगम प्रकृतिका समस्या तथा सवालहरू भए सो पहिचान गरी समितिमा पेश गर्न निर्देशन दिनुभएको र केही माननीय मन्त्रीज्यूहरूले समेत त्यस्तो आशय प्रकट गर्नुभएको हुँदा तदनुरूप प्रोफाइल तयार गर्न र त्यस्ता समस्याहरूको सुची तयार गर्न लगाई २०७५ श्रावण समान्तभित्र आयोगलाई उपलव्ध गराउन सम्बद्ध सबै मन्त्रालयका सचिवहरूलाई पत्राचार गर्ने र सोको जानकारी माननीय मन्त्रीज्यूहरूलाई दिने ।